**एजेण्डा : १** भूकम्प प्रभावित जिल्लामा अस्थायी आवास व्यवस्थापन सम्बन्धी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको मिति २०७३।०१।२७ को पत्रको सम्वन्धमा ।

**निर्णय** : विभिन्न कारणले हालसम्म पनि टेन्ट वा पालमा वसोवास गरिरहेका भूकम्प पीडित घर परिवारहरुलाई निजहरुको स्थायी आवास पुनर्निर्माण नहुँदासम्म बसोवास गर्न सक्ने गरी अस्थायी वा संक्रमणकालीन आवास निर्माण गर्ने सम्वन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट केन्द्रिय दैवी प्रकोप उद्धार समितिमा आवश्यक सहयोगार्थ अनुरोध भै आएकोमा देहाय बमोजिम गर्ने निर्णय गरियो :

क. सहरी विकास मन्त्रालय मातहतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईको डिजाइन तथा समन्वयमा जिल्ला आयोजना कार्यान्वयन इकाइले जिल्लास्तरमा सम्वन्धित स्थानिय निकायहरुसँगको सहकार्यमा उक्त सामुहिक आवास निर्माण गर्ने कार्य तत्कालै सुरु गर्ने ।

ख. उक्त कार्यका लागि सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिले सार्वजनिक जग्गा व्यवस्थापन, सुरक्षा निकायको परिचालन तथा अन्य समन्वयात्मक कार्य गर्ने ।

ग. आवासस्थल निर्माणका लागि सबै सुरक्षा निकायहरुले तदारुकताका साथ आवश्यक सहयोग पुर्याउने।

घ. यस कार्यका लागि आवश्यक बजेट व्यवस्था शहरी विकास मन्त्रालय मातहतको आयोजना कार्यान्वयन इकाइले मिलाउने ।

ङ. आफ्नो जग्गा भै घर निर्माण अनुदान पाउन योग्य हालसम्म पनि पाल/त्रिपालमा बसेका घरपरिवारलाई पहिलो प्राथमिकतामा राखि यथाशीघ्र घर निर्माण अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने ।

च. यस कार्यको अनुगमन र समन्वय राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र प्राधिकरणका उप-क्षेत्रीय कार्यालयहरुले गर्ने ।

**एजेण्डा : २** जुरे पहिरोका पीडितको पुनर्स्थापना सम्बन्धमा ।

**निर्णय :**

" जुरे सुनकोशी बाढी/पहिरो पीडितका लागि रु २ करोड २४ लाख विशेष कोष खातामा जम्मा भएको र सो रकम वितरणको लागि कार्यदलबाट कार्यविधि तयार गरी स्वीकृतिको लागि केन्द्रमा पठाइएकोमा सो कार्यविधि स्वीकृत भई नआउँदै भूकम्प गइ ठूलो क्षतिको सामना गर्नु परेको, भूकम्पबाट प्रभावितहरुको आवास पुनर्निर्माणको लागि लाभग्राहीको तथ्यांक संकलनबाट प्राप्त प्रतिवेदन अध्ययन गर्दा जुरे पहिरो पीडित

सूचीमा रहेका केही नामहरु भूकम्प पीडितको लाभग्राहीको सूचीमा समेत भेटिएकोले भूकम्प पीडितको लाभग्राहीको सूचीमा समावेश भएकाहरुको हकमा पुनर्निर्माणको स्वीकृत कार्यविधि बमोजिम हुने गरी र जुरे पीडितको सूचीमा पुर्ण क्षतिको सूचीमा रहेका तर भूकम्प पीडित लाभग्राहीको सूचीमा नरहेका पीडितहरुको हकमा विशेष कोषमा जम्मा भएको रकम मध्येबाट सरकारले भूकम्प पीडितको पुनर्निर्माणका लागि प्रदान गर्ने भनिएको रु २ लाख बरावरको रकम दोहोरो नपर्ने गरी वितरण गर्न केन्द्रबाट निकाशाका लागि माग गर्ने । साथै पुनर्वासमा जान चाहेका ८ परिवार मध्ये दोहोरो नपर्ने गरी सोही रकमबाट पुनर्वासको कार्यविधि बमोजिम जग्गा उपलब्ध गराउने र बाँकी हुन आउने रकम सो पुनर्वासको बस्ती विकास तथा जुरे पहिरो नियन्त्रणमा प्रयोग गर्न केन्द्रबाट स्वीकृति माग गर्ने ।" भनि जिल्ला दैवी प्रकोप उद्धार समितिको मिति २०७३/०१/२८ को बैंठकबाट निर्णय भै आएकाले सोही बमोजिम स्वीकृति दिने ।

**एजेण्डा : ३** स्वास्थ्य मन्त्रालयबाट मिति २०७२।०९।१६ गतेको पत्र साथ संलग्न औषधोपचारको खर्चको सम्बन्धमा ।

**निर्णय :** भूकम्पका कारण घाईते भएका सम्पूर्ण घाईतेहरुको सरकारी तथा निजी अस्पतालमा नि:शुल्क औषधोपचारको व्यवस्था मिलाउने भनि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७२।०१।१२ मा निर्णय भएकोले घाईतेको उपचारका लागि निजीरुपमा भएको खर्चको सोधभर्ना दिने सम्बन्धमा पनि मन्त्रिपरिषबाट नीतिगत निर्णय हुनुपर्ने देखिएकोले स्वास्थ्य मन्त्रालयले आवश्यक प्रकृया अगाडि बढाउने ।

२०७३।१।३०